**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायधीश श्री अनिल कुमार सिन्हा**

**माननीय न्यायधीश डा. श्री कुमार चुडाल**

**फैसला**

**०७६-WO- ०९४७**

**मुद्दाः- परमादेशसमेत।**

| | |
|---|---|
| नेपाल भेटेरिनरी एशोसिएसनको अख्तियारप्राप्त ऐ. का अध्यक्ष, गोरखा जिल्ला सिरानचोक गाउँपालिका, वडा नं. ८, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १६ बस्ने डा. शितलकाजी श्रेष्ठ-------------------------------------------------------------१ | **निवेदक** |

<u>**विरुद्ध**</u>

| | |
|---|---|
| नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार, काठमाडौं ---------------------------------------------------------१ | |
| गृह मन्त्रालय सिंहदरबार, काठमाडौ-------------------------------------१ | |
| कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं -----१ | **विपक्षी** |
| कृषि तथा पशुपंक्षि विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं -------------१ | |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, काठमाडौं -----------१ | |

नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

**तथ्य खण्ड**

१. छिमेकी राष्ट्र चिनको बुहान सहरमा एक व्यक्तिबाट सुरुभएको कोरोना (कोभिड-१९) भाईरस हाल विश्वभर फैलिईरहेको छ। नेपाल सरकारलेसमेत मिति २०७६ साल चैत्र ११ गते विहान ६ बजेको समयदेखि नेपालभर पूर्ण रुपमा लकडाउन (बन्दाबन्दी) गरी कोभिड संक्रमण रोकथामको लागि प्रयास गरेको छ। लकडाउनको समयमा अत्यावश्यक सेवा वाहेकका अन्य सेवाहरुलाई पूर्ण रुपमा बन्द गरिएको छ। तर पनि विपक्षीहरुले जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको पशु स्वास्थ्यलाई भने यस परिस्थितीमा वेवास्ता गरेको अवस्था छ। जसले गर्दा पशुपन्छीहरुबाट मानिसहरुमा सर्ने रोगहरुको भय दिनदिनै बढिरहेको छ भने घरपालुवा पशुहरुकोसमेत स्वास्थ्य सुरक्षा गम्भीर अवस्थामा पुगेको छ। विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले लकडाउनको निर्णय गरी राजपत्रमा सूचना प्रकाशित गर्दा संक्रामक रोग ऐन, २०२० को आधारमा गरेको देखिन्छ। सो जारी आदेशमा भेटेरिनरी सेवालाई आवश्यक सेवाको रुपमा अंगिकार गरेको छैन । आवश्यक सेवा सञ्चालन ऐन, २०१४ ले समेत पशु स्वास्थ्य सेवा, भेटेरिनरी सेवा तथा मासु निरीक्षणलाई आवश्यक सेवामा समाविष्ट गरेको पाईंदैन। लकडाउनका कारण मुलुकभित्र सम्पूर्ण भेटेरिनरी अस्पताल, प्रयोगशालाहरु बन्द रहेका छन्। जसले गर्दा पशुहरुको स्वास्थ्य जाँच गरी आवश्यक सुरक्षा गर्न सकिएको छैन। उपभोक्ताका लागि बजारमा स्वस्थ मासुको अनुगमन तथा निरिक्षणको जिम्मेवारी भेटेरिनरीसंग सम्बन्धित कार्यालय तथा कार्यरत पशु चिकित्सकलाई दिईएकोमा हालको बन्दाबन्दीमा निजहरुले गर्दै आएको काम कारवाहीलाई आवश्यक सेवा प्रवाहमा नराखिएको कारणले गर्दा उपभोक्ताले यो बन्दाबन्दीमा उपभोग गरिरहेको मासुको गुणस्तर मापन गर्न सकिएको छैन । कृषि मन्त्रालयबाट प्रकाशित हुने कृषि डायरी २०७६ अनुसार आ.व. २०७४/०७५ मा घरपालुवा पशुपन्छीको संख्या देहाय बमोजिम रहेको छः

| गाई | भैंसी | भेंडा | बाखा | बंगुर | कुखुरा | हाँस | दुध दिने भैसी | दुध दिने गाई |
|---|---|---|---|---|---|---|---|---|
| ५७३७६३०६ | ५२७७८१९ | ८००७४९ | ११६४७३१९ | १४३५३६९ | ७२२४५७३२ | ४०४६७० | १५३५९४८ | १०३९५३८ |

२. कोभिड १९ समेत सर्वप्रथम पन्छीबाट मानव शरिरमा सरेको भनी प्रारम्भिक रिपोर्टहरु आईरहेको सन्दर्भमा जोखिमलाई रोकथाम तथा नियन्त्रणको लागि पशुपन्छी स्वास्थ्य प्रयोगशाला सुचारु राख्नु पर्ने देखिन्छ। बर्डफ्लू जुनसुकै समयमा पनि देखा पर्नसक्ने र यो

रोग देखा परेकावखत बर्डफ्लु नियन्त्रण आदेश, २०६४ बमोजिम सो स्थानका कुखुरा लगायतका पंक्षी नष्ट गर्नुपर्ने कानूनी व्यवस्था भएकाले भेटेरिनरी सेवालाई आवश्यक सेवामा नराखिएकै कारण जुनसुकैबखत पनि राज्यले थप ठूलो क्षति व्यहोर्नुपर्ने देखिन्छ। त्यसैगरी मिति २०७३।१२।१४ मा नेपाल सरकार (राज्यमन्त्री स्तर) को निर्णयबाट स्वीकृत भएको पशु कल्याण निर्देशिका, २०७३ ले विभिन्न परिस्थितीमा पशुहरुको उचित हेरचाह र कल्याण गर्नु पर्ने विषयलाई स्पष्ट पारेको छ। पशु वधशाला र मासु जाँच ऐन, २०५५ ले पशु बध गरी मासुलाई खाद्यमा रुपान्तर गर्ने जस्तो विषयलाई व्यवस्थित र नियमन गर्ने कानूनी व्यवस्था भए तापनि कार्यान्वयनतर्फ विपक्षीको पर्याप्त ध्यान जान सकेको पाईंदैन। यसले गर्दा आगामी दिनमा अझै गम्भिर सरुवा रोगहरुको माहामारी उत्पन्न हुन सक्ने अवस्था सृजना हुन पुग्दछ। पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ ले संक्रामक रोगको परिभाषा गरी पशु स्वास्थ्य तथा पशु सेवा नियमावली , २०५६ समेतको कानूनी व्यवस्था रहेको सन्दर्भमा हाल बन्दाबन्दीका कारण भेटेरिनरी सेवालाई अत्यावश्यक सेवामा विपक्षीहरुबाट नराख्दा जुनोटिक रोग (मानिस र पशुपन्छी बीच सर्ने) लगायत अन्य पशुपन्छीका रोगहरुले महामारीको रुप लिई ठूलो धनजनको क्षति हुने सम्भावना बढेको छ। नेपाल लगायत विश्वका १८४ पक्ष राष्ट्र भएको विश्व पशु स्वास्थ्य संगठनले भेटेरिनरी सेवालाई पब्लिक गुडको रुपमा स्वीकार गरेको छ। हाल कोभिड-१९ को कारण विश्व महामारी घोषणा भएको सन्दर्भमा पनि विश्व पशु स्वास्थ्य संगठनले सबै राष्ट्रहरुलाई भेटेरिनरी सेवालाई आवश्यक सेवाका रुपमा कानूनी व्यवस्था गरी सोही अनुसार गर्न अनुरोध समेत गरेको छ। विश्व स्वास्थ्य संगठनले सन् २००८ मा प्रकाशन गरेअनुसार पछिल्ला ३० वर्षमा हरेक वर्ष १ नयाँ संक्रामक रोग मानिसमा देखा पर्ने गरेको र ती रोगहरुमध्ये ७५ प्रतिशत रोगहरु मानिस र पशुहरु बीच सर्ने गरेको बताएको छ। यस कारण पनि जनस्वास्थ्यका दृष्टिकोणले समेत पशुहरुको रोग नियन्त्रण हुनु जरुरी छ। हालको कोभिड १९ पनि पशुबाट मानिसमा सरेको प्रारम्भिक अनुमान वैज्ञानिकहरुबाट भएको छ भने प्रमाणिकरणका लागि थप अध्ययन तथा अनुसन्धान भइरहेको छ। यसकारण भेटेरिनरी प्रयोगशालाहरुलाई सदैव सुचारु राखी अध्ययन अनुसन्धान भइराख्नु जरुरी हुन्छ । जसले गर्दा पशुपन्छीबाट मानिसमा सर्ने रोगहरुलाई नियन्त्रण गर्न मद्दत पुग्दछ।

३. नेपाल सरकारबाट गठित उच्चस्तरीय प्रशासन सुधार सुझाव समितिले वि. सं. २०७० सालमा नै नेपाल सरकारलाई पशु स्वास्थ्य सेवालाई आकस्मिक सेवा अन्तर्गत राखी श्रोत साधनकोसमेत परिचालन गर्न सुझाव दिएको थियो। नेपाल सरकारले मिति २०७५ साल अषाढ ३२ गते पशु सेवा विभागअन्तर्गत रहने गरी संघमा केन्द्रीय रिफरल पशु चिकित्सालयको स्थापना गरेको छ। संघीयता कार्यान्वयनको शिलशिलामा मिति २०७५ साल अषाढ ३२ गते प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत रहने गरी ७ वटै प्रदेशमा ४७ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्थापना, ७५३ वटै स्थानीय तहहरुमा पशु सेवा शाखा तथा इकाईको स्थापना गरिएको छ। तर हाल यी सबै लकडाउनका कारण बन्द भएका छन्। नेपाल सरकारले मिति २०७५ साल अषाढ ३२ गते पशु सेवा विभाग अन्तर्गत रहने गरी संघमा केन्द्रीय पशु पन्छी रोग अन्वेषण प्रयोगशाला, राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशाला, पशु पन्छी रोग अन्वेषण प्रयोगशालाहरु सञ्चालनमा रहेकाछन्। यी प्रयोगशालामा पशु पन्छीका विभिन्न रोगहरुको परीक्षण तथा अन्वेषण हुने गरेको छ। तर हाल लकडाउनका कारण यी प्रयोगशालाहरु पनि बन्द हुँदा पशुपन्छीका रोगहरुले महामारीको रुप लिई ठूलो पशुधनको क्षति हुन सक्ने जोखिम बढेको छ। विपक्षी मन्त्रिपरिषदबाट मिति २०७६।९।१४ गते स्वीकृत भएको स्वास्थ्य रणनीति, २०७६ मा माहामारीहरु एकिकृत रुपमा निणन्त्रण, रोकथाम र उन्मुलन गर्नु पर्दछ भनी रणनीति तय गरेको छ। हाल कोभिड-१९, को कारण छिमेकी मित्र राष्ट्र भारतमासमेत बन्दाबन्दीको अवस्था रहेको छ। बन्दाबन्दीको समाना गरिरहेको भएता पनि तदनुसार २३ मार्च, २०२० मा पशुपालन एवं डेयरी विभाग नयाँ दिल्लीले भेटेरिनरी सेवालाई आवश्यक सेवामा राखी सेवा सुचारु गर्न निर्देशन जारी गरी सकेको अवस्था विद्यमान रहेको छ। तर नेपाल सरकारले भने यस तर्फ प्रयाप्त मात्रामा विचार गर्न सकेको अवस्था देखिएको छैन । अमेरिका, क्यानडा लगायतका विकसित देशमा भेटेरिनरी सेवालाई आवश्यक सेवामा समावेश गरिएको छ।

४. अतः माथि प्रकरणहरुमा उल्लेखित तथ्य, नेपालको संविधान, प्रचलित कानून, अन्तराष्ट्रिय प्रचलन एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुको आधारमा भेटेरिनरी सेवालाई आवश्यक सेवा अर्न्तगत समाविष्ट गरी आम कृषकको सम्पति सम्वन्धी हकबाट बञ्चित हुन नपरोस् भनी कानूनी व्यवस्था गर्नुका साथै पशु स्वास्थ्य मानव स्वास्थ्यसँग.

प्रत्यक्ष जोडिने हुँदा स्वस्थ मासु एवं दुग्धजन्य वस्तु उपभोग गर्न पाउने उपभोक्ताको हकबाट बञ्चित हुन नपरोस भनी विभिन्न स्वास्थ्य संकटको वेलामासमेत मासुको निरिक्षण लगायतको काम कामरवाही नरोकिने गरी आवश्यक कानूनी व्यवस्था गरी तीनै तहको सरकार विच समन्वय गरी उपभोक्ता हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक र पशुधनमार्फत प्राप्त हुने सम्पति सम्वन्धी हकबाटसमेत कोही कसैले बञ्चित हुन नपरोस भनी आवश्यक कानूनी व्यवस्था गर्दै भेटेरिनरी सेवालाई आवश्यक सेवामा समावेश गर्नु भनी विपक्षीका नाउँमा परमादेश लगायतको आदेश जारी गरी पाउँ। यो विवादको अन्तिम टुंगो नलागेसम्म पशु बधशालाहरुको निरीक्षणको व्यवस्था मिलाउनु, भेटेरिनरी सेवालाई लकडाउन (बन्दाबन्दी) को समयमा पनि सुचारु राखु, कुनै पनि पशुहरुमा रोगव्याधी तथा महामारी फैलन नदिनु तथा कृषकहरुको पशुले उपचारबाट बञ्चित भई पशुधनको क्षती व्यहोर्नु पर्ने अवस्थालाई तत्काल रोक्न पशु अस्पताल तथा प्रयोगशालाहरु सन्चालनमा ल्याउनु र भेटेरिनरी डाक्टर तथा पशु स्वास्थ्यकर्मीहरुलाई निर्वाध रुपमा भेटेरिनरी सेवाका कार्यमा आवत जावत गर्न दिनु भनी विपक्षीका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने व्यहोराको निवेदनपत्र।

५. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिव आधार र कारण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको एकप्रति नक्कलसमेत साथैराखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०७७।१।२९ मा भएको आदेश।

६. कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको लिखित जबाफमा नै मिति २०७७/१०/२८ गते मन्त्रिस्तरीय निर्णय गरी भेटेरीनरी सेवालाई आवश्यक सेवामा समावेश गर्नका लागि गृह मंत्रालयमा पत्र पठाईसकिएको भनिए तापनि हालसम्म आवश्यक सेवाको सूचीमा भेटेरीनरी सेवालाई समावेश गरेको नदेखिएकोले बन्दाबन्दीको समयमा पनि पशु स्वास्थ्य प्रयोगशालाको संचालनको लागि भेटेरीनरी सेवालाई आवश्यक सेवाको सूचीमा राख्न

आवश्यक व्यवस्था तत्कालै मिलाउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ठहर्छ। यो आदेश कार्यान्वयनकालागि महान्यायाधिवक्ताको कार्यालयमार्फत अन्तरिम आदेशको जानकारी विपक्षीहरुलाई दिनू भन्ने व्यहोराको यस अदालतको मिति २०७७/२/८ को आदेश।

७. प्रस्तुत विषयमा आवश्यक सेवा संञ्चालन ऐन, २०१४ बमोजिम विभिन्न सेवाहरु आवश्यक सेवाभित्र सूचीकृत रहेका तर भेटरिनरी सेवा नसमेटिएको विषयमा नेपाल सरकारले आवश्यक ठानेमा समावेश गर्ने निर्णय गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न सक्ने कानूनी व्यवस्था उक्त ऐनमा रहेको र सोही बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भेटरिनरी सेवालाई आवश्यक सेवामा समावेश गर्ने सम्वन्धमा माननीय मन्त्रीस्तरवाट मिति २०७७।१।२८ मा निर्णय गरी गृह मन्त्रालयमा थप आवश्यक कारवाहीको लागि पठाइसकिएको अवस्था छ। यस सम्वन्धमा प्रक्रिया अगाडि बढिसकेको हुँदा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्ने र गृह मन्त्रायलयबाट प्रस्ताव लैजाने विषय देखिन्छ। हाल पशु स्वास्थ्य प्रयोगशालाहरुलाई लकडाउनको बेलामासमेत आवश्यकताअनुसार सञ्चालनको व्यवस्था मिलाएर सेवा सुचारु गरिरहेको अवस्था छ। पशुहरुमा महामारीजन्य रोग देखापरेमा परीक्षण तथा रोकथाम गर्नका लागि आवश्यक खोपकार्य नियमित रुपमा सञ्चालन भइरहेको र पूर्वतयारीकोसमेत उचित प्रवन्ध गरेको हुँदा रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको कृषि तथा पशुपंक्षि विकास मन्त्रालयको लिखित जवाफ।

८. नेपालको संविधानको धारा ३६ मा व्यवस्था भएको हकको कार्यान्वनका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ जारी भई कार्यान्वयनमा छ। स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ जारी भई कार्यान्वयन भईरहेको छ। नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनःस्थापना गर्न राष्ट्रिय स्वास्थ्य नीति, २०७६ लागू भई सोही बमोजिम काम कारबाही भइरहेको छ। पशु स्वास्थ्यको सम्बन्धमा पशु बधशाला र मासु जाँच ऐन, २०५५ को कानूनी व्यवस्था गरिएको छ। पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र पशु स्वास्थ्य तथा पशु सेवा नियमावलीको कानूनी व्यवस्था बमोजिम पशु स्वास्थ्यसँग सम्बन्धित निकायहरुबाट आवश्यक काम

कारवाही भईरहेको छ। बन्दाबन्दीको समयमा नेपाल सरकारबाट मिति २०७६।१२।९ मा संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी अत्यावश्यक काममा बाहेक कुनै व्यक्ति घरबाट बाहिर ननिस्कने लगायतका आदेश जारी भई सोको कार्यान्वयन गर्न सवै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई क्रियाशील गराईएको छ। उक्त आदेशमा कार्यालय सञ्चालनको लागि आवश्यक कर्मचारी बाहेक अन्य कर्मचारीलाई विदाको व्यवस्था गरिएको, सवारी पासको व्यवस्था गरी सोही पासको आधारमा सिमित सवारी साधन सञ्चालनको व्यवस्था भई सेवा सञ्चालन भईरहेको, नेपालसमेत नोभल कोरोना भाईरसको संक्रमणको उच्च जोखिममा रहेको र मुलुकभित्र यसको संक्रमण देखिईसकेको सन्दर्भमा नेपाल सरकारबाट उच्च सतर्कताका साथ सोको रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक काम कारवाही भईरहेको छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।११।१८ को निर्णयले कोरोना रोग रोकथाम तथा नियन्त्रण, उच्चस्तरीय समन्वय समिति गठन भई तोकिएको कार्यदिश बमोजिम विभिन्न बैठकहरु बसी यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल भारत सीमावर्ति क्षेत्रहरुमा स्वाथ्य टोली खटाउने सहितका सम्बद्ध बिषयमा निर्णय भई सोबमोजिम कार्यान्वयन भएको छ। जहाँसम्म भेटेनरी सेवालाई आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गतको आवश्यक सेवा अन्तर्गत राखिपाउँ भन्ने माग दावीको बिषय छ सो सम्बन्धमा भेटेनरी सेवालाई पनि आवश्यक सेवा अन्तर्गत समावेस गर्न भनी सो विषयमा हडताल निषेध गर्ने आदेश जारी गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट मिति २०७७।१।३० च. नं. ४५२ को पत्रबाट अनुरोध भई आएकोले सो सेवालाई आवश्यक सेवा अन्तर्गत राख्ने भनी यस मन्त्रालयबाट निर्णय भई प्रस्ताव नेपाल सरकार (मं. प.) मा पठाउने प्रकृया शुरु भैसकेको हुँदा प्रस्तुत निवेदन खारेजभागी छ, खारेज गरीपाउँ भन्ने व्यहोराको गृह मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

९. सर्वप्रथमतः यस मन्त्रालयको के कस्तो कामकारवाही वा निर्णयबाट निवेदकको के कस्तो कानूनी तथा संवैधानिक अधिकारमा आघात पुग्न गएको हो, सो सम्बन्धमा रिट निवेदन जिकीरमा कुनै कुरा उल्लेखसम्म गर्न नसकेको हुँदा विना आधार र कारण यस मन्त्रालयलाई विपक्षी कायम गरी रिट निवेदन दायर गर्न मिल्ने पनि होइन। कुनै पनि मुद्दामा विपक्षी कायम गर्दा त्यस्तो विपक्षीको के कस्तो कामकारवाहीबाट निवेदकलाई के

कस्तो अन्याय पर्न गएको हो सो कुरा खुलाउनु पर्ने हुन्छ सो सम्बन्धमासमेत रिट निवेदनमा कुनै कुरा उल्लेख गरिएको छैन। नोभल कोरोना रोगको नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०७६।१२।९ को नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अति आवश्यक सेवा बाहेकका सेवा बन्द गरेको अवस्था छ।सिङ्गो मानव सभ्यतामाथिको चुनौतिलाई सामना गर्न जनस्वास्थ्यको सर्वोत्तम हितका लागि नेपाल सरकारले अप्रिय निर्णय लिनुपरेको हो। निवेदकको भेटेरिनरी सेवालाई आवश्यक सेवामा समावेश नगरिएको भन्ने जिकीर हेर्दा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ मा आवश्यक सेवाको परिभाषाभित्र ६ प्रकारका सेवा र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य जुनसुकै सेवा समावेश हुन सक्ने कानूनी व्यवस्थासमेत गरेको छ। उक्त कानूनी व्यवस्था बमोजिम तत्कालिन अवस्था र सेवाको गाम्भिर्यतालाई विचार गरी अति आवश्यक देखिएको क्षेत्रमा आवश्यक सेवा नेपाल सरकारबाट तोकिने विषय हो र सो विषय न्यायिक रोहबाट निरुपण हुने विषय पनि होइन। साथै सामाजिक दूरी कायम गर्नु नै हाल फैलिरहेको कोरोना नियन्त्रणको महत्वपूर्ण आधार रहेको कुरालाई मनन गरी सामाजिक तथा कतिपय गतिविधिहरुमा रोक लगाई मानवीय स्वास्थ्यलाई प्राथमिकता दिएको कुरालाई अनदेखा गरी दायर भएको औचित्यहिन रिट निवेदन जिकीर खारेजभागी हुँदा खारेज गरी पाउँ भन्ने व्यहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तर्फबाट परेको लिखित जवाफ।

१०. कोभिड-१९ रोगको रोकथाम र निर्मूल गर्नका लागि नेपाल सरकारबाट मिति २०७६।१२।९ मा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम उपयुक्त आदेश जारी भई सोको कार्यान्वयन भैरहेको छ। पशु बधशाला र मासु जाँच ऐन, २०५५, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र पशु स्वास्थ्य तथा पशु सेवा नियमावलीको कानूनी व्यवस्था गरी पशु स्वास्थ्यको आवश्यक काम कारवाही भइरहेको छ। निवेदकले बन्दा बन्दीको कारण पशु जाँच तथा प्रयोगशाला नै बन्द भएको भनी लिएको दावी आफैमा अनुचित र असान्दर्भिक देखिन्छ। पशु स्वास्थ्यसँग सम्बन्धित उपचार लगायतका कार्यको लागि सम्बन्धित निकायबाट आवश्यक कार्य भइरहेको छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।११।१८ को निर्णयले माननीय उपप्रधान एवं रक्षा

मन्त्रीको संयोजकत्वमा नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति गठन भएको, कोभिड-१९को रोकथाम तथा नियन्त्रणका लागि नेपाल भारत सीमावर्ति क्षेत्रहरुमा स्वाथ्य टोली खटाउने, सीमा नाकाहरुमा आवतजावत नगर्न सूसुचित गर्ने लगायतका आवश्यक कामहरु भएको छ। जहाँसम्म भेटेनरी सेवालाई आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गतको आवश्यक सेवा अन्तर्गत राखी पाउँ भन्ने माग दावीको बिषय छ सो सम्बन्धमा उक्त ऐनको दफा २ खण्ड (क) को देहाय (७) मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सेवा आवश्यक सेवा अन्तर्गत पर्ने देखिन्छ। कुनै सेवा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गत राखी पाउँ भन्ने माग दावी बमोजिम आदालतबाट आदेश भई कायम हुने बिषय नभएको हुँदा प्रस्तुत निवेदन खारेजभागी छ भन्ने व्यहोरो नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको लिखित जवाफ।

## ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रवीराज खनाल र विद्वान अधिवक्ता श्री मुकुन्द अधिकारीले नेपाल सरकारले मिति २०७६ साल चैत्र ११ गतेदेखि नेपालभर पूर्णरुपमा लकडाउन (बन्दाबन्दी) गरी कोभिड संक्रमण रोकथामको लागि प्रयास गरेको छ। लकडाउनको समयमा अत्यावश्यक सेवा वाहेकका अन्य सेवाहरुलाई पूर्णरुपमा बन्द गरिएको छ। तर पनि विपक्षी निकायहरुले जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको पशु स्वास्थ्यलाई भने यस परिस्थितीमा वेवास्ता गरेको अवस्था छ। जसले गर्दा पशुपन्छीहरुबाट मानिसहरुमा सर्ने जुनोटिक रोगहरुको भय दिनदिनै बढिरहेको छ। घरपालुवा पशुहरुकोसमेत स्वास्थ्य सुरक्षा गम्भीर अवस्थामा पुगेको छ। आवश्यक सेवा सञ्चालन ऐन, २०१४ ले समेत पशु स्वास्थ्य सेवा, भेटेरिनरी सेवा तथा मासु निरीक्षण कार्यलाई आवश्यक सेवामा समाविष्ट गरेको पाईंदैन। जसको कारण लकडाउनका बेला मुलुकभित्र सम्पूर्ण प्रयोगशालाहरु र भेटेरिनरी अस्पतालहरु बन्द भै पशुहरुको स्वास्थ्य जाँच तथा उपचार गरी आवश्यक सुरक्षा गर्न सकिएको छैन। यसको प्रत्यक्ष असर क्रमशः उपभोक्ताको स्वास्थ्यमा देखिन थालेको छ। बजारमा स्वस्थ मासुको अनुगमन तथा निरिक्षणको जिम्मेवारी भेटेरिनरीसंग सम्बन्धित कार्यालय तथा कार्यरत पशु

चिकित्सकहरुलाई दिईए तापनि हालको बन्दाबन्दीमा निजहरुले गर्दै आएको काम कारवाहीलाई आवश्यक सेवा प्रवाहमा नराखिएको कारणले गर्दा उपभोक्ताले उपभोग गरिरहेको मासुको गुणस्तर मापन गर्न सकिएको छैन। नेपाल सरकारले संक्रामक रोग ऐन,२०२० को आधारमा बन्दाबन्दी गरी कोभिड-१९को रोकथामको लागि प्रयास गरिरहेको छ। तथापि विपक्षीहरुले भेटेरिनरी सेवालाई आवश्यक सेवा अन्तर्गत समाविष्ट नगरेको कारणले पशुहरु रोगव्याधीबाट आक्रान्त बन्ने एवं मानिसमा संक्रमण फैलिन सक्ने तथा कृषकहरुको पशुधनमा नकरात्मक प्रभाव पर्ने अवस्था सृजना भएको छ। नेपालको संविधानद्वारा प्रदत्त खाद्य सम्बन्धी हकको प्रत्याभूति एवं प्रचलित कानून तथा अन्तर्राष्ट्रिय अभ्यास बमोजिम भेटेरिनरी सेवालाई आवश्यक सेवामा समाविष्ट गरी संकटको बेलामासमेत मासु निरीक्षणको कार्य सुचारु गर्दै तीनै तहको सरकारको समन्वयमा पशुधनबाट प्राप्त हुने सम्पत्ति सम्बन्धी हकको सुनिश्चितता गर्न आवश्यक कानूनी व्यवस्था मिलाउनु भनी विपक्षिका नाउँमा परामादेश लागायतको आदेश जारी गरिपाउँ भनी र विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री सञ्जिवराज रेग्मीले नेपाल सरकारले बढ्दो कोरोना महामारीको प्रकोप र त्रासलाई न्युनिकरण गर्नु आफ्नो जिम्मेवारी महसुस गर्दै आवश्यक कामहरु गरिरहेको छ। जसको फलस्वरुप मिति २०७६ साल चैत्र ११ गतेदेखि नेपालभर पूर्णरुपमा लकडाउन (बन्दाबन्दी) आदेश जारी भैसकेको छ। तत्पश्चात् नेपाल समेत नोभल कोरोना भाईरसको संक्रमणको उच्च जोखिममा रहेको र मुलुकभित्र यसको संक्रमण देखिई सकेको सन्दर्भमा नेपाल सरकारबाट उच्च सतर्कताकासाथ सोको रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक काम कारवाही भई रहेको छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।११।१८ को निर्णयले माननीय उपप्रधान एवं रक्षा मन्त्रीको संयोजकत्वमा नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति गठन भई कोरोना रोग रोकथाम तथा नियन्त्रणका सम्बन्धमा आवश्यक कार्य गर्ने कार्यादश तोकिए बमोजिम समितिबाट मिति ०७६।११।१८ देखि हालसम्म विभिन्न बैठक बसी कोभिड-१९को रोकथाम तथा नियन्त्रणकालागि आवश्यक निर्णयहरु गरिरहेको छ। नेपाल भारत सीमावर्ति क्षेत्रहरुमा स्वाथ्य टोली खटाउने, सीमा नाकाहरुमा आवतजावत नगर्न सूसुचित गर्ने, आपूर्ति व्यवस्था सहज बनाउने सहितका बिषयमा निर्णय भई सो बमोजिम कार्यान्वयन भएको छ।

निवेदकले उठाएका पशु स्वास्थ्य तथा जनस्वास्थसँग जोडिएका चासोका विषयमा पर्याप्त कानूनहरुको निर्माण भैसकेको छ। भेटेनरी सेवालाई पनि अत्यावश्यक सेवाअन्तर्गत समावेस गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट मिति २०७७।१।३० च. नं. ४५२ को पत्रबाट अनुरोध भई आएकोले सो सेवालाई आवश्यक सेवा अन्तर्गत राख्ने भनी गृह मन्त्रालयबाट निर्णय भई प्रस्ताव नेपाल सरकार (मं. प.) मा पठाउने प्रकृया शुरु भै सकेको हुँदा प्रस्तुत निवेदनको औचित्य नहुँदा खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

११. उपरोक्त तथ्य, विपक्षी निकायहरुको लिखित जवाफ र दुबै पक्षहरुका तर्फबाट भएको वहस जिकीर समेतको अध्ययन गरी प्रस्तुत मुद्दामा रिट निवदेकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

१२. अब निर्णयतर्फ विचार गर्दा, महामारीको रुपमा रहेको कोरोना (कोभिड-१९) भाइरस फैलिनेक्रम बढ्दै गएको र यस रोगको जोखिमबाट धेरै मानिसमा प्रतिकुल प्रभाव परेका कारण नेपाल सरकारले संक्रामक रोग ऐन,२०२० को आधारमा बन्दाबन्दी गरी कोभिड-१९को रोकथामको लागि प्रयास भईरहेको हुँदा पनि विपक्षीहरुले भेटेरिनरी सेवालाई आवश्यक सेवा अन्तर्गत समाविष्ट नगरेको कारणले पशुहरु रोगव्याधीबाट आक्रान्त बन्ने एवं मानिसमा संक्रमण फैलिन सक्ने तथा कृषकहरुको पशुधनमा नकरात्मक प्रभाव पर्ने अवस्था सृजना भएको छ। नेपालको संविधानद्वारा प्रदत्त खाद्य सम्बन्धी हकको प्रत्याभूति एवं प्रचलित कानून तथा अन्तर्राष्ट्रिय अभ्यास बमोजिम भेटेरिनरी सेवालाई आवश्यक सेवामा समाविष्ट गरी संकटको बेलामासमेत मासु निरीक्षणको कार्य सुचारु गर्दै तीनै तहको सरकारको समन्वयमा पशुधनबाट प्राप्त हुने सम्पत्ति सम्बन्धी हकको सुनिश्चितता गर्न आवश्यक कानूनी व्यवस्था मिलाउनु भनी विपक्षीका नाउँमा परामादेश लगायतको आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन जिकीर रहेको देखियो।

१३. प्रस्तुत विषयमा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा २ को खण्ड (क) बमोजिम आवश्यक सेवाभित्र विभिन्न सेवाहरु सूचिकृत रहेका भएपनि भेटरिनरी सेवा आवश्यक सेवा भित्र नसमेटिएको भन्ने रिट निवेदकको जिकीर रहेकोमा सो सम्बन्धमा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा (२) को खण्ड (क) मा आवश्यक

सेवाको परिभाषाभित्र **"डाँकतार वा टेलिफोन सेवा, जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामानहरु ओसार पसार गर्ने यातायात सेवा, हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मरमत गर्ने कामसँग सम्बन्धित सेवा लगायतका सेवा र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य जुनसुकै सेवा समावेश हुन सक्ने"** कानूनी व्यवस्थासमेत गरेको पाइन्छ। यस कानूनी व्यवस्थाको उद्देश्य तत्कालिन अवस्था र सेवाको गाम्भिर्यताको विचार गरी अति आवश्यक देखिएको क्षेत्रमा आवश्यक सेवा नेपाल सरकारबाट तोकिने र थप्न सकिने विषय हो र सो विषय न्यायीक रोहबाट निरुपण हुने विषय पनि होइन। यही उद्देश्य बमोजिम भेटेनरी सेवालाई आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गतको आवश्यक सेवा अन्तर्गत समावेस गर्न भनी सो विषयमा हड्ताल निषेध गर्ने आदेश जारी गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयको माननीय मन्त्रीस्तरबाट मिति २०७७।१।२८ मा निर्णय गरी थप आवश्यक कारबाहीकालागि गृह मन्त्रालयमा अनुरोध भई गएको भन्ने कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लिखित जवाफबाट देखिन्छ। सो सेवालाई अत्यावश्यक सेवा अन्तर्गत राख्ने भनी कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट मिति २०७७।१।३०, च. नं. ४५२ को पत्रबाट अनुरोध भई आएकोले यस मन्त्रालयबाट निर्णय भई सो प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) मा पठाउने प्रकृया शुरु भै सकेको भनी गृह मन्त्रालयको लिखित जवाफबाटसमेत देखिन आयो।

१४. पशु स्वास्थ्य प्रयोगशालाहरु लकडाउनको बेला बन्द छन् भन्ने निवेदन जिकीरका सम्बन्धमा पशु स्वास्थ्य प्रयोगशालाहरुलाई लकडाउनको वेलामासमेत आवश्यकता अनुसार सञ्चालनको व्यवस्था मिलाएर सेवा सुचारु गरिरहेको, पशुहरुमा महामारीजन्य रोग देखा परेमा वा फैलिएमा परीक्षण तथा रोकथाम गर्नका लागी आवश्यक खोप कार्य नियमित रुपमा सञ्चालन भईरहेको र पूर्वतयारीको समेत मन्त्रालयले उचित प्रवन्ध गरेको भनी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफबाटसमेत देखिन्छ। नेपालको संविधानको धारा ३६ मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुने र खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हकको व्यवस्था भए बमोजिम सो हकको कार्यान्वयनका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ जारी भई कार्यान्वयनमा छ। त्यसैगरी स्वास्थ्य सेवालाई

नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ जारी भई कार्यान्वयन भई रहेको देखिन्छ। कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्न, उत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनःस्थापना गर्न राष्ट्रिय स्वास्थ्य नीति, २०७६ लागू भएको देखिन्छ।

१५. पशु स्वास्थ्यको सम्बन्धमा पशु बधशाला र मासु जाँच ऐन, २०५५ को कानूनी व्यवस्था बमोजिम नै जाँच भई पशु बध भइरहेको, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र पशु स्वास्थ्य तथा पशु सेवा नियमावलीको कानूनी व्यवस्था बमोजिम नै पशु स्वास्थ्यको सूचना, उपचार, परीक्षण तथा सो सम्बन्धी कार्यको लागि तीनै तहका पशु स्वास्थ्यसँग सम्बन्धित निकायहरुबाट आवश्यक काम कारवाही भइरहेको, कोभिड-१९ रोगको रोकथाम र निर्मूल गर्नका लागि नेपाल सरकारबाट मिति २०७६।१२।९ मा संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी अत्यावश्यक काममा बाहेक कुनै व्यक्ति घरबाट बाहिर ननिस्कने लगायतका आदेश जारी भई सोको कार्यान्वयन गर्न सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई मुकरर गरी कार्यान्वयन गरिएको देखिन्छ। कोरोना महामारीको अवस्था विश्वभरीकै असहज परिस्थिति भएको र सो असहज परिस्थितिमा समेत कोभिड-१९ को शंकास्पद व्यक्ति पहिचान गरी प्रवेशमै रोक्ने, निगरानी र क्वारेन्टाइनको व्यवस्था सुदृढ गर्दै लैजाने, विरामीको उपचार तथा व्यवस्थापनलाई प्रभावकारी तुल्याउने रणनीतिको कार्यान्वयनको लागि सचेतना, रोकथाम र नियन्त्रणका कार्यक्रमहरु तीनै तहका सरकारबाट कार्यान्वयन गर्ने, समुदायको थप सहभागिता जुटाउने, नेपाल प्रवेश नाकाको आगमनलाई कडाई गर्ने, स्वास्थ्य निगरानी एवं प्रयोगशाला परीक्षणको क्षमता अभिवृद्धि गर्ने, संक्रमित तथा विरामीको प्राथमिक उपचारलाई व्यवस्थित तुल्याउने तथा औषधी, औषधीजन्य वस्तु लगायत दैनिक उपभोग्य वस्तुको उपलब्धतालाई नियमित र सहज बनाउने क्रियाकलापहरु निर्धारण भई सो बमोजिम विपक्षी नेपाल सरकारको तर्फबाट भए गरेका काम कारवाहीहरु बारे तत् तत् निकायहरुबाट पेश भएको लिखित जवाफमा उल्लेख भएको देखिन आयो।

१६. पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन गरी स्वच्छ र गुणस्तरयुक्त मासु

उपलब्ध हुने सुनिश्चित गर्ने गराउने सम्बन्धमा ०७५-WO-०८४३ नं. को परमादेश मुद्दामा मिति २०७६।१।८ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई र अन्य विभिन्न मुद्दाहरुमासमेत यस अदालतबाट भएका फैसलाहरुमा सरोकारवाला मन्त्रालय तथा सम्बद्ध निकायहरुलाई यो ऐन चरणबद्ध एवं प्रभावकारी रुपमा कसरी लागु गर्ने, गराउने हो सो विषयमा सर्वसाधारणलाई अग्रिम जानकारीसमेत गराउनु भनी निर्देशनात्मक आदेशसमेत जारी भैसकेको अवस्था देखिन्छ। यसै सन्दर्भमा पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन गरी स्वच्छ र गुणस्तरयुक्त मासु उपलब्ध हुने सुनिश्चित गरी सम्मानित सर्वोच्च अदालतबाट जारी भएको परमादेशको समेत कार्यान्वयन गर्न आवश्यक भएकोले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पशु वधशाला र मासु जाँच ऐन लागु गर्ने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहबाट ऐन लागु गर्ने क्षेत्र निर्धारण गरेको र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई मिति २०७८।४।८ मा लेखी पठाएको समेत देखिन आउँछ।

१७. तसर्थ माथि प्रकरणमा विवेचित आधार कारणबाट निवेदकले माग गरेका आधारभूत अवस्थाहरुको सम्बोधन प्रचलित कानून एवम् विभागीय मन्त्रालय समेतबाट भईरहेको हुँदा रिट निवेदकको निवेदन माग दाबी बमोजिम परमादेशको आदेश नै जारी गर्नुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुने ठहर्छ।

साथसाथै भेटरीनरी सेवालाई आवश्यक सेवा अन्तर्गत समावेश गरिसकिएको सन्दर्भमा पनि रिट निवेदकले उठाएका कतिपय सवालहरु बन्दाबन्दीको अवस्थामा समेत संविधान प्रदत्त हकको प्रचलनकालागि लागु गरी कार्यान्वयन गर्न आवश्यक देखिएको, निवेदकले उठाएको विषयवस्तु मानवीय दृष्टिकोणबाट संवेदनशील र दैनिक रुपमा आम उपभोक्ताको संवैधानिक हक हितसँग सम्बन्धित हुँदा विपक्षी कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको नाउँमा देहाय बमोजिम निर्देशनात्मक आदेश जारी हुने ठहर्छः

(क) पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ को दफा १ को उपदफा (२) बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित गरी (तत्कालिन हेटौंडा नगरपालिकामा लागु भैसकेको) लागू नभएका अन्य क्षेत्रमा पनि चौहद्दी तोकी कार्यान्वयन गर्नू गराउनू।

(ख) पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ को दफा ७ बमोजिम स्थानीय तथा

प्रदेश सरकार मातहतबाट मासु सुपरिवेक्षक र सोही ऐनको दफा ६ बमोजिम मासु निरीक्षक नियुक्तिका लागि आवश्यक व्यवस्था मिलाई मासु जाँच एवं निरीक्षण नियमित गर्नू गराउनू।

यो आदेश कार्यान्वयनकालागि फैसला कार्यान्वयन निर्देशनालय र महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई जानकारी दिनू। प्रस्तुत मुद्दाको फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू।

**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**न्यायाधीश**

**इजलास अधिकृतः-** भूमिप्रसाद शर्मा

**कम्प्युटर अपरेटरः-** विष्णुदेवी श्रेष्ठ

सम्बत् २०७८ साल चैत्र महिना २१ गते रोज २ शुभम् --------------------।